आज मिति २०८२ साल जेष्ठ ०९ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री विपना श्रेष्ठ – प्रशासन अधिकृत आठौं
श्री रवि कटवाल – कार्यालय सहयोगी
श्री कर्ण बहादुर कार्की – कार्यालय सहयोगी

**प्रस्तावित विषयहरु:**

१. समीक्षा सम्बन्धमा,
२. ग्रा.यु.सि.मा.वि. जग्गा खरिद सम्बन्धमा,
३. योजना सम्झौता समयसीमा सम्बन्धमा,
४. न्यायिक समितिको कार्यविधी ऐन, २०७५ संशोधन सम्बन्धमा,
५. विभिन्न कार्यविधिहरु संशोधन तथा पारित सम्बन्धमा,
६. सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा,
७. विविध समसामयिक विषयहरु सम्बन्धमा ।

**निर्णयहरुः-**

**१. निर्णय नं. १, प्रस्ताव नं. १ उपरको निर्णयः**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**२. निर्णय नं. २, प्रस्ताव नं. २ उपरको निर्णयः**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा ग्रामोदय युगकवि सिद्धिचरण मा.वि. को जग्गा खरिद सम्बन्धमा मिति २०८१/१२/१३ गतेको कार्यपालिका बैठकले जग्गा खरिद गरी खेलमैदान निर्माण गर्ने प्रयोजनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरी पत्राचार गरेकोमा सो मन्त्रालयले यस सम्बन्धी विषय आफ्नो कार्यक्षेत्रभित्र नपर्ने भनी जवाफ पठाएको हुनाले प्रचलित जग्गा खरिद ऐन तथा नियमावली बमोजिम विद्यालयको खेलमैदान प्रयोजनको लागि खरिद गरिने जग्गाको उपयुक्तता सम्बन्धमा अध्ययन गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने तथा कार्यदलको प्रतिवेदन प्राप्त भएपछि जग्गा खरिदको थप प्रक्रिया अगाडि बढाइदिन जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गामा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**देहाय:**

क) प्रशासन शाखा प्रमुख, विपना श्रेष्ठ - संयोजक
ख) पूर्वाधार शाखा प्रमुख, उमाशङ्कर चौधरी - सदस्य
ग) वडा सचिव (वडा नं. ६), गणेश शाही - सदस्य सचिव

**३. निर्णय नं. ३, प्रस्ताव नं. ३ उपरको निर्णयः**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म सम्झौता हुन बाँकी विभिन्न योजनाहरु २०८२/०२/१५ गतेभित्र योजना सम्झौता गरिसक्ने र २०८२/०२/१५ भन्दा पछि कुनै पनि योजना सम्झौता नगर्ने सर्वसम्मत निर्णय गरियो ।

**४. निर्णय नं. ४, प्रस्ताव नं. ४ उपरको निर्णयः**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा विधेयक समितिले पेश गरेको न्यायिक समितिको कार्यविधि ऐन, २०७५ संशोधन गर्न आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

| विद्यमान व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| न्यायिक समितिको कार्यविधि ऐन, २०७५ को परिच्छेद ८ को दफा ५९ को उपदफा १ को<br>(क) कम्तिमा स्नातक उत्तिर्ण गरेको<br>(ख) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको। | (क) कम्तिमा एस.ई.ई. **(वा सो सरह)** उत्तीर्ण गरेको<br>(ख) खारेजी | (क) स्नातक उत्तीर्ण व्यक्ति मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन नआएकोले न्यूनतम शैक्षिक योग्यता उपयुक्त हुने।<br>(ख) मेलमिलापकर्ताको तालिम लिई कार्य गर्न इच्छुक व्यक्तिहरूको कमी रहेकोले तालिमको प्रावधान हटाउन उपयुक्त हुने। |

**५. निर्णय नं. ५, प्रस्ताव नं. ५ उपरको निर्णयः**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा विधेयक समितिले पेश गरेको देहाय बमोजिमको कार्यविधिहरु पारित गर्ने सर्वसम्मत निर्णय गरियो।

**देहायः**

क) नवजात शिशु बचत खाता सम्बन्धी कार्यविधि, २०८२

ख) उपाध्यक्षसँग गर्भवती सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

ग) मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

घ) अनुगमन समितिको कार्य सञ्चालन कार्यविधि, २०८२

**६. निर्णय नं. ६, प्रस्ताव नं. ६ उपरको निर्णयः**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा आ.व. २०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/०२/३० गते लिखु गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**७. निर्णय नं. ७, प्रस्ताव नं. ७ उपरको निर्णयः**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विविध समसामयिक विषयहरुमा देहाय अनुसार सर्वसम्मत निर्णय गरियो।

क) ग्रामोदय युगकवि सिद्धिचरण मा.वि. लिखु ६ मा अध्ययनरत छात्र श्री करण भट्टराईले विद्यालयमा प्रयोगात्मक कक्षा सञ्चालनका क्रममा दुर्घटना भई हातका औंलाहरु काटिएको र आर्थिक अवस्था कमजोर भएको कारण सो को उपचार गर्न असमर्थ भएकोले उपचार खर्च सहयोगको लागि गाउँपालिका समक्ष दिएको निवेदनका सम्बन्धमा छलफल हुँदा निजलाई आर्थिक सहायता शीर्षकबाट उपचार प्रक्रिया शुरु भएपछि बिल भर्पाईका आधारमा अधिकतम रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

ख) गाँउ कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।